# सिद्धिनरसिंह मल्लका ताडपत्र तमसुकहरू

—शंकरमान राजवंशी

## वि. सं. १६७६ को

लमाइ ३ फुट ।
चौडाइ १ इंच ।

यसमा माटाको बाटुलो छाप छ । छापको बीचमा खड्ग र खड्गको तल कलश अङ्कित छ ; खड्गको दायाँबायाँ श्री तथा गोहीको मुख जस्तो बुट्टा अङ्कित छ । यो पत्र राजा सिद्धिनरसिंह मल्लले छ्वाछबाहालका देवसिंह बाँडालाई गरिदिएको हो । यसमा साक्षी चैत्र मल्ल कुमर छन् । यसमा जग्गाबिक्री विषयको उल्लेख छ ।

मूल

१ ॐ स्वस्ति ।। श्रीश्री जय सिद्धिनरसिंह मल्ल प्रभु ठाकुरसन ।। छ्वाछवाहार राजकेवछेननि यंतागृहनिवाशी ग्राहक देवसिंह वादे भाकेसह नाम्ने प्रसादिकृतं स एव छ्वाछबाहाल रछितापलिको पातालभुनाम· प्रदेशे श्रीश्रीराजया गृहशिमायां पश्चिमत उर्त्तलत पूर्व्वत मार्ग्गशिमायां दक्षीणतश्च एतन्मध्ये छ्वाछवाहाल पलिको मार्ग्गेन दक्षिणप्रदेश तापलिको पाताखनखा ख ३ कुज तत्पलिको यथा नगलकाल पर्व्वतमानेन सुवर्ण्णमूलमोहोलटंका

२ पिय ४० मादाय स्वादिनाम्ने नवतुकंन्यायन क्रय विक्रियन प्रसादालपा जुरो अत्र पत्रार्थे दृष्टसाक्षी श्रीचैत्र मल्ल कुह्मलजुस ।। सम्वत् ७४० फाल्गुण शुद्धि पूर्णिमाश्यां तिथौ ।। थ्व क्रीन्यया सर्व्वसोधान धुंग्व जुरो ।।

## वि. सं. १६८७ को

लम्बाइ २ फुट ३½ इन्च ।
चौडाइ ¾ इन्च ।

यसमा माटाको बाटुलो छाप छ । छाप माथिकै बमोजिमको छ । यो पत्र पनि राजा सिद्धिनरसिंह मल्लले उनै देवसिंहलाई गरिदिएको हो । साक्षी चैत्र मल्ल नै छन् । यसमा जग्गाबिक्री विषयको उल्लेख छ ।

मूल

१ ॐ स्वस्ति श्रीश्री जयसिद्धिनरसिंह मल्ल देव प्रभु ठाकुलसन ।। छ्वाछ्वाहाल टोल जलमण्डपगृहनिवासि· ग्राहक देवसिंहवलि भ्रातृसहनाम्ने प्रसादीकृतं स एव क्वथ्व थलपातालगु नाम प्रदेशे श्रीश्री राजया भुम्यां पश्चिमत उर्त्तरत पूर्व्वत ग्राहकस्य भुम्यां दक्षीणतश्च एतन्मध्ये कोथ्व टोल पातालसो भुम्यन दक्षीण प्रवेशत पाताल भुंखाअदु तद्भूम्यां यथानगलकाल प्रवर्त्तमानेन सुवर्णपुष्प भारार्ध प्रढौकित मोहरटंका पियच्या ४८ मादाय स्वाधिनान···प्रसादारपा जुरो अत्र पत्रार्थे दृष्टसाक्षी श्रीचैत्र मल्ल कुल मल्ल जुस लिखित कायष्ठ चन्दिदास ।। सम्वत् ७५१ फागुण कृष्ण त्रयोदस्यां तिथौ ।। थ्व क्रीय्न यात भर्ण्ण धुंग्व शुभ ।।

## वि. सं. १६८९ को

लम्बाइ २ फुट १ इन्च ।
चौडाइ सालाखाला १ इन्च ।

यसमा माटाको बाटुलो छाप छ । छाप माथिकै बमोजिमको छ । यो पत्र राजा सिद्धिनरसिंह मल्लले

छ्वाछ्वहालका कीर्तिसिंह बाँडालाई गरिदिएको हो। साक्षी चैत्र मल्ल छन्। यसमा जग्गा बिक्री विषयको उल्लेख छ।

मूल

१ ॐ स्वस्ति ।। श्रीश्री जयसिद्धिनरसिंह मल्ल देव प्रभु ठाकुलसन ।। छ्वाछ्वाहाल टोल लवंतागृह- निवासि ग्राहक किर्तिसिंह वादे नाम्ने प्रसादीकृतं स एव कोथ्व टोलपाताल नाम प्रदेशे ।। ग्राहकस्य पाताल भुम्यां पश्चिमत श्रीश्री राजया पातालभुम्यां उत्तरत पूर्व्वत मार्ग्गशिमायां दक्षीणतश्च एतन्मध्ये कोथ्वटोल पाताल लंन दक्षीण प्रवेश ता पाताल भुंखा २ प्रयि ३ तद्भुम्यां यथा नगलकाल प्रवर्त्त- मानेन सु (वर्ण)

२ पुष्पभाराधं प्रढौकित मोहोर टंका निय २० मादाय स्वाधिनामेन वतुकं न्यायन क्रयविक्रीयन प्रसादालपा जुरो अत्र पत्रार्थे दृष्टसाछी श्रीचैत्र मल्ल कुमलजुस लिखिति कलन कायष्ठ चण्डीदास ।। सम्वत् ७५२ भाद्रपद कृष्ण षष्टम्यां तिथौ ।। थ्व क्रीयुनया भर्ण्ण धुंग्व शुभ ।।

## वि. सं १६८९ को

लम्बाइ २ फुट २ इञ्च ।
चौडाइ सालाखाला ४ इञ्च ।

यसमा माटाको बाटुलो छाप छ। छाप माथिकै बमोजिमको छ । यो पत्र राजा सिद्धिनरसिंह मल्लले यम्वल मंगल टोलका रामदासलाई गरिदिएको हो। यसमा साथी चैत्र मल्ल छन्। यसमा खेत बिक्री विषयको उल्लेख छ।

मूल

१ ॐ स्वस्ति ।। श्री श्री जयसिद्धिनरसिंह मल्ल देव प्रभु ठाकुलसन ।। यम्वल मंगुल टोल वाकोट ननियिता- गृहनिवासि ग्राहक रामदासनाम्ने प्रसादीकृतं योहोदोल क्षत्रनामप्रदेशे तिलवंकशिमायां पश्चिमत हाथ्वगुठिया क्षत्रशिमायां पूर्व्वत दर्थलाछ जोगिचावावुया क्षत्र- शिमायां उत्तरत दक्षीणतश्च एतन्मध्ये योहोदोल क्षत्र- नाम संज्ञक ऋयरोपनिकं रोवाङ्क वोव स्व ३ तत्क्षत्र यथा नगलकार प्रवर्त्तमानेन सुवर्ण पूष्पभाराधं प्रढौ- कितमोहोलटंका

२ ङयपि ५४ मादाय स्वधिनामेनवतुकं न्यायन क्रयविक्रि- यन प्रसादालपा जुरो अत्र पत्रार्थे दृष्ट साक्षी श्री चैत्र मल्ल कुमलजुस लिखिति कलन कायष्ट चन्दीदास ।। सम्वत् ७५२ भाद्रपदकृष्णचतुर्दस्यां तिथौ थ्व क्रीन्यूनयया भर्ण धुंग्व शुभ

## वि. सं. १६८९ को

लम्बाइ २ फुट $\frac{1}{2}$ इञ्च
चौडाइ सालाखाला १$\frac{1}{2}$ इञ्च ।

यसमा माटाको बाटुलो छाप छ । छाप माथिकै बमोजिमको छ । यो पत्र राजा सिद्धिनरसिंह मल्लले यखा- लखु टोलका जीवराजलाई गरिदिएको हो । साक्षी चैत्र मल्ल छन् यसमा घरबिक्री विषयको उल्लेख छ ।

मूल

१ ॐ स्वस्ति ।। श्री श्री जयसिद्धिनरसिंह मल्ल देव प्रभु ठाकुलसन यखालषु टोल सोंगछे लयितागृह निवासि ग्राहक जिवराज नाम्ने प्रसादीकृतं स एव तवदो छ यंतागृहनामप्रदेशे ग्राहकस्य गृहसिमायां पश्चि- मत स एव ग्राहकया छेव ननिसिमावन उत्तरत रुद्रसिं- हस्य गृहसिमायां पूर्व्वत मार्ग्गशिमायां दक्षीणतश्च एत- न्मध्ये तवंदोछे ननिगृह ननिन उत्रत वेश रक्षीणाभिमूख तागृहजावस

२ खा नसे २ कु २ पाताल खा १ कु ४४× तद्गृह यथा नगल प्रवर्त्तमानेन सुवर्ण्ण पूष्पभाराधं प्रढौकित मोहोरटंका शलछिव पियपि १४४ मादाय स्वाधिना- मनवतुकं न्यायन क्रय विक्रीयन प्रसादारपा जुरो अत्र पत्रार्थे दृष्टसाक्षी श्री चैत्र मल्ल कुमलजुस लिखिति करन कायष्ठ चण्डीदास ।। सम्वत् ७५३ पौष कृष्ण एकादस्यां तिथौ ।। भर्ण्णशुद्धकं दुंते धुंग्व ।। शुभ ।।

## वि. सं. १६९२ को

लम्बाइ २ फुट ८$\frac{1}{2}$ इञ्च ।
चौडाइ सालाखाला २$\frac{1}{2}$ इञ्च ।

यसमा माटाको बाटुलो छाप छ । छाप माथिकै

बमोजिमको छ । यो पत्र राजा सिद्धिनरसिंह मल्लले दथुछ्वल टोल तङ्या यिकुननिका पात्रवंश राउत काशीरामलाई गरिदिएको हो । यसमा साक्षी श्री श्री जय श्रीनिवास मल्ल देव ठाकुर छन् । यसमा खेत बिक्री विषयको उल्लेख छ ।

मूल

१ ॐ स्वस्ति ।। श्रीश्री जय सिद्धिनरसिंह मल्ल देव प्रभु ठाकुलसन ।। दर्थ छ्वल टोल तवङ्गचाल यिकुलननि वंतागृह निवासि ।। ग्राहक पात्रवंश राउर्त्त काशिराम भ्रातृसहनाम्ने प्रसादीकृतं वदलक्षत्र नाम प्रदेशे ।। ज्ञतापोल वावुराज पुनया क्षत्रेन तिन्त्रंकशिमायां पश्चिमत श्रीश्रीराजया क्षत्रेन कुटु-सिंहकस्य क्षत्रेन जिसिंहकस्य क्षत्रेन त्रयशिमायां उर्त्तरत स्वल्यमार्ग शिमायां स एव वालुराज पुनया क्षत्रेन दोयो शिमायां

२ पूर्व्वत ।। स एव वावुराजपुनकस्य क्षत्रेन यंछु पलिको भेल्वया क्षत्रेन दोयो सिमायां दक्षीणतश्च एतन्मध्ये वदलक्षत्रनामकसंज्ञक पञ्चरोपनिकं रोवाङ्क रोव ५ तत्क्षेत्र यथा नगलकाल प्रवर्त्तमानेन सुवण-पूष्पमारार्घ प्रढौकित मोहोरटंका शलछि वसलनच्या ११८ मादाय स्वाधिमामेन वतुकं न्यायन क्रयविक्री-यन प्रसादारपा जुरो अत्र पत्रार्थे दृष्टसाक्षी श्रीश्री जयश्रीनिवास मल्लदेव ठाकुलस ।। लिखिति करत काय

३ छठ चण्डीदास ।। सम्वत् ७५५ वैशाष कृष्ण प्रतिपद्यां तिथौ ।। थ्व क्रीयन या भर्ण्ण धुग्व जुरो शुभ ।।

## वि. सं. १७१७ को

लम्बाइ १ फुट ६१ इञ्च ।
चौडाइ $\frac{9}{2}$ इञ्च ।

यसमा माटाको बाटुलो छाप छ । छाप माथिकै बमोजिमको छ । यो पत्र राजा सिद्धिनरसिंह मल्लले चापागाउँका वहडकाल जवनसिंहलाई गरिदिएको हो । यसमा साक्षी श्रीनिवास मल्ल छन् । यहाँ बारी बिक्री विषयको उल्लेख छ ।

मूल

१ ॐ स्वस्ति ।। श्रीश्रीजयसिद्धिनरसिंह मल्ल देव प्रभु ठाकुरसन ओवादेश येलखां टुंथ्वया घत्रिगृह निवासी ग्राहक वहडकाल जवनसिंह नाम्ने प्रसादीकृतं वुंसिदोल वातिकानामप्रदेशे ग्राहकस्य क्षत्रात्पश्चिमत भ्हुकन-सिंहया क्षत्राद् उत्तरत श्रीश्रीराजया क्षेल भुमेन पूर्व्वत दक्षिणतश्च एतन्मध्ये तद्वातिका सार्द्धसह

२ द्वयो कषा ङ्कर्ष नसि २ जव नसि २ तद्वातिका यथा देशकालप्रवर्त्तमानेन सुवर्ण्णपुष्प मालार्घ प्रढौकृत मोहर टंका चयगु ८९ आदाय स्वाधिनावर्त्तकं न्यायन क्रीविक्रीन प्रसादारपा जुरो अत्र पत्रार्थे दृष्ट साक्षी श्रीश्री जयश्रीवास मल्ल देवप्रभु ठाकुरस लिखित देवज्ञ सिद्धिराज सम्वत् ७८०

३ नष्टज्येष्ठशुक्ल दशम्यां तिथौ भर्ण्ण शुद्धकं दुंत धुंङ शुभ ।।

## वि. सं. १७१८ को

लम्बाइ १ फुट ५$\frac{3}{4}$ इञ्च
चौडाइ १$\frac{1}{2}$ इञ्च

यसमा माटाको बाटुलो छाप छ । छाप माथिकै बमोजिको छ । यो पत्र राजा सिद्धिनरसिंह मल्लले खोकनाका जयनराजलाई गरिदिएको हो । यसमा साक्षी श्रीनिवास मल्ल छन् । यहाँ बारी विक्री विषयको उल्लेख छ।

मूल

१ ॐ स्वस्ति ।। श्रीश्रीजय सिद्धिनरसिंह मल्ल देव प्रभु ठाकुरसन खोकनादेश थंथ्वला छलं येतागृह-निवासी ग्राहक जयनराज नाम्ने प्रसादीकृतं ह्लथ्व खोसिवातिकानाम प्रदेशे श्रीश्री राजाया वातिका शिमाया: पश्चिमत उत्तरत पूर्व्वत नदीशिमाया दक्षिणतश्च

२ एतन्मध्ये तद्वातिकात्रय कषा ङ्कर्ष स्वं ३ तद्वातिका यथादेशकाल प्रवर्त्तमानेन सुवर्ण्णपुष्पमालार्घ प्रढौकृत मोहोरटंका शुयगु ३९ आदाय स्वाधिनावर्त्तकं

न्यायेन क्रीविक्रीन प्रसादारपा जुरो अत्र पत्रार्थे दृष्टसाक्षी श्रीश्री जय श्रीनिवासमल्ल देव प्रभु

३ ठाकुरस लिखित दैवज्ञ उद्धवराज सम्वत् ७८१ चैत्रशुक्ल पञ्चम्यां तिथौ भर्ण्णशुद्धकं दुंते धुंङ शुभ ।।

## टिप्पणी

यी तमसुक ताडपत्रहरू राष्ट्रिय अभिलेखालयमा संग्रह भएका छन् । यो संग्रह वीरपुस्तकालय घण्टाघरमा छंदा भएको हो । मल्ल राजाका घरायसी पत्र प्रायः यसै ताडपत्रमा लेखिन्थे । यी ताडपत्र तमसुक अद्यापि अप्रकाशित थिए । साक्षी राख्दा उत्तराधिकारीलाई राख्ने चलन छ । प्रामाणको लागि छाप लगाउने पनि चलन छ । सो छाप बलियो माटो गथिचाको हुन्छ । छाप लगाउँदा लाहाछाप लगाए झैं लगाइन्छ । सो छाप ताडपत्रको छेउमा लगाइएको हुन्छ । छाप खस्न नपाउने गरी ताडकै डोरीले बाँधिएको हुन्छ । छापमा देवी खड्ग कलश श्री आदि अङ्कित गरिएको हुन्छ । यस चिह्नबाट तिनीहरूको संप्रदाय बुझ्न सकिन्छ ।

राजा सिद्धिनरसिंह मल्लले गरिदिएका यी ताडपत्र तमसुकमा लिपि नेवारी छ । भाषा संस्कृत मिसिएको नेवारी छ । संस्कृत प्रायः अशुद्ध छ । लेखमा पद छुट्टिएको छैन । कतै २ पङ्क्ति कतै ३ पङ्क्ति अक्षर छन् । पढ्न सजिलोको लागि पद सम्म छुट्टयाई पङ्क्ति र अक्षर जस्ताको तस्तो दिइएको छ । घर बारी खेत बिक्री गरिएको तमसुक हुनाले यी ताडपत्रहरूमा विशेष गरी ठाउँकै उल्लेख छ । लिच्छवि शिलाभिलेखमा उल्लिखित ठाउँको पत्ता लगाउन यस्ता ताडपत्रबाट मद्दत मिल्न सक्छ । यी पत्रमा केवल क्रयविक्रयको मात्र कुरा हुनाले त्यति कुरा बुझ्न मूलैबाट पर्याप्ति हुने हुंदा अनुवाद दिइएन । उल्लिखित ठाउँको यथार्थ पत्ता लगाउन सकिएमा यसको विशेष व्याख्या हुन सक्छ । यस कारण अहिलेलाई यहाँ परिचय र मूलसम्म दिइएको छ । विशेष व्याख्या दिंदा अनुवाद सहित पछि दिइनेछ ।

राजा सिद्धिनरसिंह मल्ल ललितपुरका राजा हुन् । यिनले वि. सं १६७६ देखि १६८९ सम्म गरिदिएका तमसुकमा चाँहि सिद्धिनरसिंहले श्रीनिवास मल्ललाई साक्षी राखेका छन् । चैत्रमल्ललाई कुह्मल भन्ने पदवी दिइएको छ । श्रीनिवासलाई चाहिँ ठाकुर भन्ने पदवी दिइएको छ । चैत्र मल्ल भन्ने इतिहासमा नयाँ व्यक्ति देखा पर्न आएका छन् । यी चैत्र मल्लको यथार्थ परिचय थाहा हुन सकेको छैन । राजा सिद्धिनरसिंह मल्लको अन्तिम समय वि. सं. १७१७ सम्म थाहा थियो । अहिले यिनले गरिदिएको तमसुक ताडपत्रबाट वि. सं. १७१८ सम्म सिद्धिनरसिंहको समय रहेको कुरो ज्ञात हुन आएको छ ।

राजा सिद्धिनरसिंह मल्ल धर्मात्मा तथा कृष्णका भक्त थिए । यिनले वि. सं. १६९३ मा स्थापना गरेको ललितपुरको २१ गजूर भएको भित्ता भित्तामा रामायण महाभारतका कथाका घटनाहरू कुँदिएको कृष्णिमन्दिर प्रसिद्ध छ । योबाहेक ललितपुरमा सिद्धिनरसिंहले राखेका अरु कीर्ति धेरै छन् ।

यी तमसुक ताडपत्रहरूमा संवत् महीना तिथिसम्म मात्र उल्लेख गरिएका छन् । वारको चाहिँ उल्लेख छैन । यहाँ दिइएका महीना अमान्तमानका हुन् । अमान्तमानको कृष्णपक्षमा चाहिँ अहिलेको पूर्णान्तिमानको हिसावले त्योभन्दा पछिल्लो महीना हुन्छ । वि. सं. १७१७ मा ज्येष्ठमा मलमास परेको थियो । मलमासलाई अहिले अधिमास पनि भन्ने चलन छ । तिन ताक मलमासलाई नष्टमास भन्ने चलन रहेछ भन्ने कुरो वि. सं. १७१७ को तमसुक ताडपत्रमा "नष्टज्येष्ठशुक्लदशम्यां तिथौ" भनी लेखेको हुनाले स्पष्ट छ । यहाँ वारको उल्लेख नभएकोले गणना दिनुपर्ने मतलब रहेन ।